म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २५९ मंगलबार १८ बैशाख २०८१ ने. सं. ११४४ चौलागा 30 April 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## खैराङको कालिका मावि अध्यक्षमा अर्याल

हेटौंडा, १७ वैशाख/मकवानपुरको विकट राक्सिराङ गाउँपालिका-९ अठारेमा रहेको कालिका माध्यमिक विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा सूर्यबहादुर अर्याल चयन भएका छन् । ४४ औं अभिभावक भेलाबाट अर्याललाई व्यवस्थापन समितिको अध्यक्षमा चयन गरिएको हो । समितिको ज्येष्ठ सदस्य नारायण अर्यालको अध्यक्षतामा बसेको बैठकले व्यवस्थापन समिति अध्यक्ष चयन गरेको हो । सदस्यहरुमा रेशम लोप्चन, णकुमारी अर्याल, सुनिता कोइराला, सूर्यबहादुर अर्याल र गणेशकुमारी राउत रहेका छन् ।

बागमती प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यतामा भएको अभिभावक भेला उद्घाटन कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका संयोजक ललित घलान, राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्ललगायतको आतिथ्यता रहेको थियो ।

# बागमतीको बजेट सिलिङ ११ प्रतिशत न्यून

साझाकुरा संवाददाता

हेटौंडा, १७ वैशाख/ चालु आर्थिक वर्षको ९ महिनासम्म लक्ष्यको आधा भन्दा कम राजश्व उठेपछि बागमती प्रदेशको आर्थिक मामिला तथा कानुन मन्त्रालयले आर्थिक वर्ष २०८१/८२ का लागि बजेट सीमा (सिलिङ) ११ प्रतिशतले घटाएको छ ।




बागमती प्रदेशमा चालु आर्थिक वर्ष २०८०/८१ को ९ महिना बितिसक्दा कुल लक्ष्यको ४१ दशमलव ४३ प्रतिशत मात्रै राजश्व उठेपछि चालु आवको तुलनमा आगामी आवमा बजेट सिलिङ ११ प्रतिशतले घटाउन बाध्य भएको हो । प्रदेश सरकारले चैत मसान्तसम्म २५ अर्ब ९८ करोड ३१ लाख रुपैयाँ मात्रै आम्दानी गरेको छ । बाँडफाँटबाट प्राप्त हुने विभिन्न कर, दस्तुर र संघीय सरकारबाट प्राप्त हुने विभिन्न अनुदान घटेर आएपछि आगामी बजेट पनि घट्ने निश्चित बनेको मन्त्रालयले जनाएको छ ।

बागमतीका १२ वटै मन्त्रालय र मातहतका निकायलाई आर्थिक मामिला तथा योजना मन्त्रालयले १३ वैशाखमा बजेट सिलिङ पठाएको छ । 'सबै मन्त्रायलाई सिलिङ पठाइसक्यौं । बजेट सिलिङ समग्रमा ११ प्रतिशतले घटेको छ,' मन्त्रालयका उपसचिव लक्ष्मी रिमालले साझाकुरासँग भने । उनकाअनुसार चालूमा भन्दा पुँजीगत बजेट घटेको हो । 'चालू बजेट घटाउनै मिलेन, घटे पनि १/२ प्रतिशत मात्रै हो । अनिवार्य दायित्व पनि हुन्छ । चालू घटाएर कार्यालय सञ्चालन, कर्मचारीको तलबभत्ता कसरी व्यवस्थापन गर्नु ? धेरै दवाब पुँजीगत बजेटमै पर्छ,' रिमालले भने ।

चालु आवमा कुल बजेटको अनुमानमध्ये बाँडफाँटबाट प्राप्त हुने राजस्वको अनुमानित हिस्सा २६ अर्ब ६८ करोड ६८ लाख ४० हजार रुपैयाँ थियो । चैत मसान्तसम्म १४ अर्ब ३९ करोड ३९ लाख रुपैयाँ राजस्व बाँडफाँटबाट प्राप्त भएको छ । बाँडफाँटबाट प्राप्त हुने सवारी कर अनुमानको ६८ दशमलव ३१ प्रतिशत प्राप्त भइसकेको मन्त्रालयका सूचना अधिकारी अर्जुन तिवारीले जानकारी दिए ।

हालसम्म सवारी कर ४ अर्ब ९५ करोड २६ लाख रुपैयाँ, मूल्य अभिवृद्धि कर बाँडफाँटबाट ४ अर्ब ५४ करोड ४४ लाख, घर जग्गा रजिष्ट्रेशन दस्तुरबापत २ अर्ब ५२ करोड ७२ लाख, अन्तशुल्कबाट एक अर्ब ४९ करोड ५६ लाख रुपैयाँ प्राप्त भएको मन्त्रालयले जनाएको छ । संघीय अनुदानबापत कुल १७ अर्ब ८१ करोड २३ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएकोमा चैत मसान्तसम्म ८ अर्ब २० करोड ८८ लाख अर्थात कुल अनुमानको ४६ दशमलव ०९ प्रतिशत प्राप्त भएको छ ।

प्रदेश सरकारले आफ्नो स्रोतबाट ३ अर्ब ७५ करोड ५२ लाख रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेकोमा हालसम्म २ अर्ब ६७ करोड ४७ लाख अर्थात लक्ष्यको ७१ दशमलव २३ प्रतिशत संकलन गरेको छ । बागमती सरकारले चालू आवमा ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रुपैयाँको बजेट ल्याएको थियो । जसमा चालूतर्फ २६ अर्ब ७० करोड २७ लाख ६९ हजार, पुँजीगततर्फ ३५ अर्ब ५० करोड ६३ लाख ९ हजार र वित्तीय व्यवस्थातर्फ ५० करोड रुपैयाँ विनियोजन गरिएको थियो ।

सरकारले खर्च बेहोर्ने स्रोतमध्ये कर राजस्वतर्फ २५ अर्ब १७ करोड २६ लाख र अन्य राजस्वबाट ५ अर्ब २६ करोड ९४ लाख, सैंघ वित्तीय हस्तान्तरणबाट १७ अर्ब ८१ करोड २३ लाख, चालू आर्थिक वर्षको अनुमानित सञ्चित कोषको बचत र अन्य प्राप्तिबाट १४ अर्ब ४५ करोड ४७ लाख रुपैयाँ बेहोर्ने अनुमान गरेको थियो । संघीय सरकारबाट प्राप्त हुने अनुदान तेस्रो किस्तामा करिव डेढ अर्ब र चौथो किस्तामा २ अर्ब घटेर आएको स्रोतले जानकारी दियो । प्रदेशबाट स्थानीय तहलाई जाने अनुदानमा भने नघटाएको मन्त्रालयले जनाएको छ ।

चैत मसान्तसम्म समानीकरण, सशर्त, विशेष लगायतका शीर्षकमा अनुदान आउने अनुमान १७ अर्ब, ८१ करोड, २३ लाख गरेकोमा चौथो किस्ताबाहेक ८ अर्ब २० करोड ८८ लाख ५३ हजार ९८८ मात्रै प्राप्त भएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ । बागमतीमा बजेटको ठूलो हिस्सा ओगट्ने मन्त्रालयमा भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी, उर्जा तथा सिचाईं मन्त्रालय, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय छन् । चालू आवमा भौतिकको बजेट २१ अर्ब ६८ करोड ३८ लाख ७८ हजार ५००, खानेपानीको ७ अर्ब ४८ करोड ६९ लाख ८३ हजार र सामाजिकको ४ अर्ब ६२ लाख १७ हजार र स्वास्थ्यको ४ अर्ब २४ करोड १७ लाख ७९ हजार बजेट छ ।

भौतिक मन्त्रालयका सचिव अमृत श्रेष्ठले बजेट सिलिङ घट्दा बहुवर्षीय योजनालाई सम्बोधन गर्न अप्ठेरो हुने बताए । गतवर्षदेखि नै ९९ वटा सडक र ७८ वटा पुलको योजना मन्त्रालयले कार्यान्वयन गरिरहेको श्रेष्ठले जानकारी दिए । चालू आवमा ६१ वटा सडक र ५६ वटा पुल निर्माणको लक्ष्य राखिएको उनको भनाई छ । श्रेष्ठले भौतिकको २०/२५ प्रतिशत बजेट घटेको बताउँदै नयाँ योजना खुम्चिने जोखिम औंल्याए । बजेटको आकार बढाएर जानुपर्नेमा उनको जोड छ । १० जेठ २०८१ भित्र योजना विवरण बुझाइसक्न मन्त्रालयले समयसीमा तोकेको छ ।

# खानेपानी र सिंचाइतर्फका २० सव-इन्जिनियरको पदस्थापन



साझाकुरा संवाददाता

हेटौंडा, १७ वैशाख/ बागमती प्रदेशको खानेपानी, उर्जा तथा सिंचाइ मन्त्रालय मातहतका कार्यालयमा २० जना सब-इन्जिनियरको पदस्थापन भएको छ ।

बागमती प्रदेश लोकसेवा आयोगबाट उत्तीर्ण भइ सिफारिस भएका २० जना सहायकस्तर पाँचौ तहका सब-इन्जिनियरलाई आइतबार मन्त्रालय मातहतका खानेपानी डिभिजन कार्यालय र सिंचाई कार्यालयमा पदस्थापन गरिएको हो । नवनियुक्त सव-इन्जिनियरलाई मन्त्री एकालाल श्रेष्ठले जनताले महशुस गर्नेगरी सेवाप्रदान गर्न निर्देशन दिए । श्रेष्ठले दरबन्दीअनुसारको कर्मचारी अझै अभाव रहेको बताउँदै अहिलेको पदस्थापनले केही राहत मिलेको उल्लेख गरे ।

पदस्थापित सबै सब-इन्जिनियरलाई जिल्ला प्रमुख र डिभिजन प्रमुखले आवश्यकताको आधारमा खटाएको क्षेत्रमा गएर इमान्दारीपूर्वक परिणाम देखिने गरी काम गर्न निर्देशन दिए । मन्त्रालयका सचिव इन्द्रदेव भट्टले नवनियुक्त सब-इन्जिनियरलाई सपथग्रहण र नियुक्तिपत्र प्रदान गरेका थिए । यसैगरी, नवौं तहमा सरुवा भएर मन्त्रालय आएका प्रशासनतर्फ रामप्रसाद भुषाललाई मन्त्रालयले स्वागत गरेको थियो ।

कार्यक्रममा खानेपानी तथा सरसफाई महाशाखा प्रमुख र विन श्रेष्ठ, जलस्रोत तथा सिंचाइ महाशाखा प्रमुख मेघराज अवस्थी, लेखाप्रमुख गोविन्द अधिकारी, प्रशासन अधिकृत तीर्थ घिमिरेलगायतको उपस्थिति रहेको थियो ।

## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# तरुण दलको भवन निर्माणमा भेटवालको सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १७ वैशाख/ नेपाली कांग्रेसको भातृसंगठन नेपाल तरुण दलको भवन निर्माणका लागि कांग्रेस मकवानपुरका युवा नेता तथा तरुण केन्द्रीय सदस्य राजेश भेटवालले नगद सहयोग गरेका छन् ।



तरुण दलको केन्द्रीय कार्यसमिति भवन निर्माणका लागि भेटवालले २ लाख ५५ हजार रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराएका हुन् । भेटवालले गरेको सहयोग प्राप्त भएको तरुण केन्द्रीय अध्यक्ष विद्वान गुरुङले सामाजिक सञ्जाल मार्फत सार्वजनिक गरेका छन् । आफ्नै सदस्यबाट रकम संकलन गरी भवन निर्माण गर्ने अभियान चलिरहेको अध्यक्ष गुरुङको भनाई छ ।

करिव ३ करोड रुपैयाँ लागत अनुमान गरिएको भवन निर्माणका लागि हालसम्म तरुण दल केन्द्रीय सदस्यबाट ६८ लाख ७२ हजार रुपैयाँ संकलन भएको अध्यक्ष गुरुङले जानकारी दिए । तरुण दलको गत चैत १५ र १६ गते केन्द्रीय समितिको बैठकले भवन निर्माण सम्बन्धी प्रस्ताव सर्वसम्मतिले पारित गरेको थियो । सोहीअनुसार काठमाडौंको रविभवनमा करिव २ रोपनीमा क्षेत्रफलको जग्गामा नेपाल तरुण दलले भवन निर्माण गर्नेछ ।

भवन निर्माणको जिम्मेवारीमा सहभागी हुन पाउँदा भेटवालले खुशी व्यक्त गरे । सामाजिक उत्तरदायित्व ग्रहणमा अग्रणी भूमिका निर्वाह गर्दै आएका भेटवालले मकवानपुरको समग्र विकास निर्माण तथा उद्यमशीलतामा सक्रिय छन् । विपद्का समयमा अग्रभागमा रहेर काम गर्ने भेटवाल कोभिड-१९ को महामारीमा मकवानपुरका नागरिकको सहयात्री बनेका थिए ।

# नागस्वतीमा कृषिउत्पादन तथा संस्कृति मेला

साझाकुरा संवाददाता

हेटौंडा, १७ वैशाख/ हेटौंडा उपमहानगरपालिका-७, स्थित नागस्वती युवा क्लबको आयोजनामा प्रथम नागस्वती स्थानीय कृषिउत्पादन तथा संस्कृति प्रवर्द्धन मेला-२०८१ हुने भएको छ ।

न्यूरेनीस्थित बेलिब्रिजसँगै रहेको खाली जग्गामा मेला आयोजनाको तयारी गरिएको क्लबले सोमबार पत्रकार सम्मेलन गरेर जानकारी दिएको छ । मेला वैशाख १९ गतेदेखि ३० गतेसम्म हुनेछ । स्थानीय संस्कृति प्रवर्द्धन तथा कृषि प्रदर्शनी गर्ने उद्देश्यले मेलाको आयोजना गर्न लागेको क्लबका अध्यक्ष अमर गुरुङले जानकारी दिए ।

मेलामा मकवानपुर जिल्लामा उत्पादित कृषिउपजको प्रदर्शनी राखिने र स्थानीय कृषकलाई प्रोत्साहन गर्नका लागि विशेष कार्यक्रम समावेश हुने आयोजकले जनाएको छ । यसैगरी, मेलामा स्थानीय संस्कृतिसँग सम्बन्धित विभिन्न कला, संगीत तथा नृत्य प्रस्तुति रहने जनाइएको छ ।

राष्ट्रिय तथा स्थानीयस्तर का चर्चित कलाकार धुर्मुस सुन्तली, प्रताप दास, प्रिति आले, ज्योति मगर, शान्तिश्री परियार, प्रमोद खरेल लगातले प्रस्तुती दिने तयारी छ । पहिलो र दोस्रो दिन नि:शुल्क प्रवेश रहने यस मेलामा अन्य दिनमा भने प्रवेश शुल्क लिइने आयोजकले जनाएको छ ।

Education is the real treasure

ADMISSIONS OPEN FOR 2081
From Nursery to Grade 9



Scholarships
a feature of socially responsible institution ....

Madhav Raj Sumargi Memorial Scholarship based on
Entrance Tests 189+Seats

Rup Chandra Bista "Thaha" Memorial Scholarship based on
Students' Talent 108+Seats

Bishwakanti Kalawati Sumargi Scholarship based on
Students' Rank 39+Seats

25 Years of Excellence in Education
Celebrating Silver Jubilee

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547

Hurry Up !
Seats are limited
Book your seat on time

www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# गुल्जारको प्रतिक्षामा भीमफेदी

४० वर्षअघिसम्म भीमफेदी व्यस्त र चहलपहल भएको ठूलो व्यापारिक केन्द्रको रुपमा रहेको थियो । २०१३-१६ सालतिर त्रिभुवन राजपथ सञ्चालन हुनु अघिसम्म दक्षिणी भागलाई काठमाडौंसँग जोड्ने एकमात्र नाकाको रुपमा थियो भीमफेदी । २०३९ सालमा तत्कालीन जिल्ला पञ्चायत सभापति ओमुटेम्पा लामाले मकवानपुरको सदरमुकाम भीमफेदीबाट रातारात सारेर हेटौंडामा ल्याएपछि भीमफेदी एकाएक उजाड बन्दै गयो । यहाँका अधिकांश कार्यालय हेटौंडा सरेपछि व्यापार व्यावसाय समेत हटौंडातिरै सर्न पुग्यो । विभिन्न जात्रा, महोत्सव, झाँकी, नाचलगायत विभिन्न सांस्कृतिक कार्यक्रम एवम् पर्व विशेषका जात्रा र कार्यक्रमले गर्दा सांस्कृतिकरुपमा पनि समृद्ध थियो भीमफेदी । ऐतिहासिक चिसापानीगढी, राजा महाराजा एवम् राणाहरुले निर्माण गरेका भौतिक संरचना, विभिन्न कालखण्डमा राजा, राणा प्रधानमन्त्रीहरु, वेलायती महारानी एलिजावेत द्वितीय लगायत विदेशी पाहुनाले हात्तीसवार गर्दा वा शिकारका क्रममा प्रयोग गरेका सामग्री तथा हौदासहितको हात्तीसार सङ्ग्रालय पनि जीर्ण बनेको छ ।

वि.सं. १९६४ मा निर्मित पृथ्वीचन्द्र अस्पतालको आकर्षक भवन यहाँको बिशेषता हो । राणा प्रधानमन्त्री जुद्धसमशेरले निर्माण गराएको विशाल धर्मशाला (हाल महेन्द्र माविको आधुनिक भवन बनाइएको), पौराणिक कालिगढी नमूना झल्कने भीमसेन महाराजको मूर्ति भएको भीमसेन मन्दिर, ढुङ्गेधारा सहितको आकर्षक पोखरी र मनोरम बगैंचा जस्ता थुप्रै ऐतिहासिक संरचनाले झकिझकाउ भीमफेदी, सदरमुकाम सरेपछि निरस र उजाड मात्र बनेन यहाँका सांस्कृतिक परम्परा भीमसेनजात्रा र अन्य केही सानातिना जात्रा बाहेक लगभग सम्पूर्ण मासिन पुग्यो । चहलपहल कम भएपछि धेरै स्थानीय काठमाडौं र हेटौंडातिर बसाइँ सरे । भीमफेदीको चिसापानीगढी देशकै सबैभन्दा चल्तीको नाका थियो । बडाहाकिमको कार्यालय यही चिसापानीगढीमा थियो । काठमाडौं प्रबेश गर्दा बडाहाकिमको कार्यालयमा राहदानी लिनुपर्ने अवस्था थियो । नेपाल-अंग्रेज युद्धताका मजबुद किल्ला भएकै कारण चिसापानीमा हार खाएको अग्रेज फौजले काठमाडौं प्रवेश गर्न सीमभञ्याङतर्फको बाटो रोज्नु परेको इतिहासकारहरु बताउँछन् । हालको सदरमुकाम हेटौंडा आवाद हुनुभन्दा धेरै अगाडि भीमफेदी बजार सहरको रुपमा स्थापित भइसकेको थियो ।

जहाँबाट काठमाडौं उपत्यकालाई आवश्यक पर्ने हरेक उपभोग्य वस्तु आयात गरिन्थ्यो । यहाँसम्म कि श्री ३ राणाहरुले उपत्यकामा भित्र्याउने सवारी साधन, मोटर गाडीसमेत भीमफेदीबाट बोकेर उपत्यका पुऱ्याइन्थ्यो । ती गाडी बोक्नेदेखि अन्य उपभोग्य सामग्री उपत्यका पुऱ्याउने काममा स्थानीय तामाङ मजदुरलाई प्रयोग गर्ने चलन रहेको थियो । राणाकालमा राजधानीमा निमार्ण हुने विभिन्न यूरोपियन शैलीका दरबारमा प्रयोग हुने उन्नत जातका काठ आपूर्ति गर्न मकवानपुरका घना जंगलमा रुख काट्ने काममा स्थानीय मजदुरलाई लगाइन्थ्यो । सदरमुकाम सरेपछि निरस झैं बनेको भीमफेदी अहिले विभिन्न हिसाबले चर्चामा आउन थालेको छ । कृषिउत्पादन्, पर्यटन, कला आदिमा फड्को मार्दै गरेको भीमफेदीले अब भने पुनर्जीवन पाउन थालेको आभास हुन्छ । स्थानीय तहको निर्वाचनपछि विगतमा बसाईसरेर गएकाहरुको पुनरागमन हुन थालेको, यहीको मार्ग हुँदै दैनिक हजारौं सानागाडीहरु काठमाडौं-हेटौंडा गर्न थालेकाले होटल व्यवसयले राम्रो व्यापार गर्न थालेको स्थानीय बताउँछन् । ऐतिहासिक पर्यटकीयस्थलको प्रवर्द्धन र प्रचारप्रसार गर्नसके भीमफेदीले फाइदा लिन सक्ने थियो । भीमफेदीका कतिपय सम्पदाहरु केन्द्र सरकारको मातहत रहेको र कतिपय पुरातत्व विभागको क्षेत्राधिकारमा रहेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चिल्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ बैशाख १९ गते बुधबार १ मे २०२४ । अष्टमी, बैशाख कृष्णपक्ष । चौलागा ११४४ ने.सं. । सूर्योदय ५:२६, सूर्यास्त ६:३७ । श्रमिक दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : अनावश्यक झंझट बृद्धि | तुला | : मित्रबर्गबाट धोका |
| वृष | : आरोप प्रत्यारोपको सामना | वृश्चिक | : सम्पत्ति सम्बन्धी विवाद |
| मिथुन | : ऋण नाश | धनु | : न्यायिक कार्यमा सफलता |
| कर्कट | : खर्च वृद्धि | मकर | : कार्यगत उतारचढाव |
| सिंह | : आफन्तबाट चिन्ता | कुम्भ | : आर्थिक सिद्धि |
| कन्या | : इष्ट सिद्धि | मीन | : कार्य सिद्धिमा विलम्ब |

# नेपाली सत्ताले स्वदेशी जनतासँग माफी किन नमाग्ने ?



✍ आरके तामाङ

विशेषत: उपनिवेशकालीन सत्ता अभ्यास र तिनले अवलम्बन गरेको एकल राष्ट्रिय राज्यको अभ्यासका कारण विशेषत: स्वदेशी राष्ट्रका जनतामा हुन पुगेको नरसंहार र जातीय संहारका लागि राज्यहरूले जिम्मेवारी लिँदै माफी माग्ने क्रम जारी रहेको छ ।

सन् २००८ फेब्रुअरी १३ मा तत्कालीन अस्ट्रेलियाका प्रधानमन्त्री केभिन रडले अस्ट्रेलिया सरकारको तर्फबाट संसद्मा उभिएर इतिहासमा एबोरिजिलन (स्वदेशी) जनतामाथि भएको अन्यायका लागि माफी मागेका थिए ।

अस्ट्रेलियन सरकारले विगतमा अवलम्बन गरेका नीति, नियम र कानुनहरूमार्फत विशेषत: चोरिएका पुस्ता (स्टोलन जेनेरेसन)प्रति जुन अन्याय गरेको थियो, त्यसका लागि लामो समयदेखि माफी माग्नुपर्ने आवाज उठिरहेको थियो । सन् १८०० को प्रारम्भिक दशकबाट सुरु भएर सन् १९७० सम्म सानो उमेरका केटाकेटीलाई उनीहरूका अभिभावकबाट जबर्जस्त रूपमा खोसेर आवासीय विद्यालयमा राखिन्थ्यो । उनीहरूलाई सभ्य बनाउन, उनीहरूको परिवारबाट अलग गरेर अंग्रेजी भाषा र संस्कृति सिकाइन्थ्यो ।

सन् २०२० जुन ३० मा बेल्जियमका राजा फिलिप्सले बेल्जियम सरकारले कङ्गोमा राजा लियापोल्ड दोस्रोले १९औं र २०औं शताब्दीको औपनिवेशिक समयमा गरेको रङ्गभेद, शोषण, अन्याय र अत्याचारका लागि औपचारिक रूपमा गहिरो दु:ख व्यक्त गरेका थिए, उनले औपचारिक रूपमा माफी भने मागेनन् । लगभग दश लाख जनाको नरसंहार भएको उक्त कालको औपचारिक रूपमा माफी माग्नुपर्छ भनेर राजा फिलिप्सका काकी तथा राजपरिवारका राजकुमारी एस्मोराल्डाले सञ्चारमाध्यममै बोले ।

बेल्जियम मात्र होइन, सन् १९०४ देखि १९०७ सम्म हेरेरो तथा नामाक्वा स्वदेशी जनतामाथि गरेको नरसंहारका लागि सन् २०२१ मा जर्मनीले माफी मागे । अर्जेन्टिनाले टोबा र मक्विट स्वदेशी जनतासँग सन् २०२२ मा माफी मागे । अन्य देशहरू (जस्तै : चिली, नर्वे, न्युजिल्यान्ड, नेदरल्यान्ड, एल साल्वाडोर, ताइवान तथा क्यालिफोर्निया राज्य)ले एकपटक माफी मागेका छन् भने क्यानडा, संयुक्त अधिराज्य बेलायत र म्याक्सिकोले दुईपटक र संयुक्त राज्य अमेरिका सरकारले हालसम्म चारपटक आफ्नो औपनिवेशिक कालमा भएको अन्यायका लागि माफी मागेका छन् । यसबाहेक रोमन चर्चले ल्याटिन अमेरिकामा गरेको तमाम अन्याय, अत्याचार तथा नरसंहारका लागि सन् २०१५ मा पोप फ्रान्सिलले आम माफी मागेका थिए ।

त्यस्तै, क्यानेडियन आवासीय विद्यालयमा भएको अत्याचार र हत्याका लागि माफी मागेका थिए । धार्मिक संस्था मात्र होइन, स्काउट क्यानडाले त्यहाँका प्रथम राष्ट्र इनुइट तथा मिटिजहरूमाथि गरेको अन्याय र अत्याचारका लागि माफी मागेका छन् भने अस्ट्रेलियन साइकोलोजिकल सोसाइटीले त्यहाँका एबोरिजिनिलहरूलाई शिक्षा तथा प्रशिक्षणको दौरान गरेका अन्याय तथा अत्याचारका लागि माफी मागेका छन् । पछिल्लो समय गत २०२३ फेब्रुअरीमा अमेरिकन साइकोलोजिक सोसाइटीले त्यहाँका नेटिभ अमेरिकनलाई प्रत्यक्ष वा परोक्ष रूपमा औपनिवेशिक अभ्यासलाई आत्मासात् गर्न बाध्य पारिएका कारण उनीहरूको चिन्तन प्रणालीमा परिवर्तन गर्न गरेका प्रयासका लागि माफी मागेका छन् ।

२१औं शताब्दीको औपनिवेशिक युगमा राज्यहरूले इतिहासमा लिएको नीतिहरूका कारण हुन पुगेको अन्यायका लागि माफी मागिरहेका छन्, तर सवाल उठ्छ– के इतिहासमा भएको अन्यायका लागि वर्तमानमा सरकारहरूले माफी माग्नु किन जरुरी छ ? गोर्खाली सत्ताले काठमाडौँमा राज्यसत्ता स्थापना गरेपश्चात् सञ्चालन गरेको आन्तरिक औपनिवेशिकताका कारण हुन पुगेको जातीय संहारका लागि माफी माग्न जरुरी छ कि छैन ?

केभिन रडभन्दा अघिल्ला प्रधानमन्त्री जोन हावर्डले दाबी गरेका छन् कि तत्कालीन सरकारले लिएको यी नीतिहरू बहुआयामिक थिए, जुन गोरा समाजसँग समाहित गर्नका लागि र समग्रमा एबोरिजिनलहरूकै बालबालिकाको बृहत्तर हितका लागि लिइएको थियो । उनको दाबी थियो कि एक पुस्ताले गरेको अन्यायका लागि अर्को पुस्ताले माफी माग्नु अर्थहीन हो । उनको दाबीविपरीत जब केभिन रडले संसद्मा माफी मागे, सारा अस्ट्रेलिया रोएको थियो, गोराहरू उनीहरूको पुर्खाहरूले कसरी अन्याय-अत्याचार गरेका रहेछन् भन्ने बुझेर रोएका थिए भने एबोरिजिनलहरू पहिलोपटक उनीहरूको पुर्खाहरूमाथि भएको अन्याय, अत्याचारका लागि सरकारले जिम्मेवार भएर सच्याउन लाग्ने र भविष्यमा त्यस्तो कहिल्यै नहुने बुझेर भावविह्वल भएका थिए । उक्त माफी माग्ने कार्यले पहिलोपटक सरकार र त्यहाँका एबोरिजिनलहरूबिच मेलमिलाप भएको थियो र देशको भविष्यका लागि सँगसँगै अगाडि जाने मार्ग तय भएको थियो ।

**लुटिएको पुस्ता**

नेपाली सन्दर्भमा हेर्ने हो भने गोर्खा राज्यको विस्तारपछि यहाँका स्वदेशी राष्ट्रहरू लुटिन थालेका पुस्ता हुन् । गोर्खालीहरूको मुख्य उद्देश्य नै भूमि लुट्नु थियो । बेलायती साम्राज्यको सहमतिमा अगाडि बढेको यस लुटको धन्दा सुगौली सन्धिपछि विस्तार हुन रोकियो । त्यसपश्चात् उनीहरूले यहाँका ऐतिहासिक राष्ट्रियताहरूमाथि आन्तरिक औपनिवेशिकतामार्फत लुटको धन्दा अगाडि बढाए । मुलुकी ऐन- १९१० ले उनीहरूको लुटलाई वैधानिकता दिने काम गऱ्यो, जहाँ स्वदेशी राष्ट्रहरूलाई श्रेणीगत रूपमा मतवाली, अछुत लगायत करार गरे ।

तराई मधेसका जनतालाई विदेशी करार गरे । तामाङहरू नि:शुल्क र बधुवा मजदुरका रूपमा मासिन्या मतवाली भए, थारुहरू उनीहरूको कमलरी भए । दलितहरूमाथिको अन्याय तथा अत्याचारको कुनै हिसाब छैन । गोर्खाली राज्यले आन्तरिक औपनिवेशिकमार्फत लागु गरेका ती अन्याय, अत्याचार, शोषण तथा जातीय संहारका लागि माफी माग्नुपर्छ । गोर्खाली सत्ता स्थापित भएयता लुटिएका पुस्तासमक्ष माफी मागेपश्चात् मात्र नयाँ नेपालको मार्ग तय हुनेछ, जहाँ हाल कायम रहेको राज्यधारी र राज्यविहीन राष्ट्रहरूले सँगसँगै नयाँ नेपाल, साझा नेपालको परिकल्पना अनुभुत गर्नेछन् । लोकतान्त्रिक गणतन्त्र तथा त्यसलाई संस्थागत गर्नका लागि बनेको संविधान २०७२ सारमा मुलुकी ऐन १९१० को नवीकरण मात्र हो । यसले गोर्खाली सत्तालाई नयाँ वैधताका साथ स्थापित गर्न चाहिरहेको छ, जुन सफल हुन सकिरहेको छैन ।

मुलुकी ऐन १९१० को नवीकरणले नयाँ नेपाल र साझा नेपाल बन्न सक्दैन, न त मुलुकले राजनीतिक निकास पाउनेछ । इतिहासमा गोर्खाली सत्ताले गरेको तमाम अन्याय, अत्याचार, शोषण, दमन तथा जातीय संहारका लागि माफी मागेर नयाँ नेपाल, साझा नेपालको सुरुवात गर्न सकिन्छ । १० वर्षे युद्धको समाधानका लागि सत्य निरूपण तथा मेलमिलाप आयोग बनेको छ । राष्ट्रिय मुक्ति क्रान्तिका नेता बुद्धछिरिङ मोक्तानले हालैको अन्तर्वार्तामा दाबी गरेजस्तो नेपालले पनि गोर्खाली राज्यधारी तथा इतिहासदेखि कायम रहेको राज्यविहीन राष्ट्रका जनताबिच मेलमिलाप गर्न जरुरी छ । १० वर्षे युद्धको कुरामा मात्र होइन, इतिहासमा गोर्खाली सत्ताले नेपालका बहुलराष्ट्रियतामाथि अवलम्बन गरेको राज्य औपनिवेशिकताका लागि माफी मागेर इतिहासमा भएको जातीय संहारलाई स्वीकार गर्ने र बुद्धछिरिङ मोक्तानले दाबी गरे जस्तो मेलमिलाप गर्नु जरुरी छ ।

यस्तो माफीले राज्यधारीहरूमा हाल कायम रहेको गहिरो असुरक्षा भावको अन्त्य हुनेछ भने राज्यविहीन राष्ट्रियताहरूले विगतको पीडामा मल्हम लगाएको अनुभूत गर्नेछन् र भविष्यका आफ्ना पुस्तालाई त्यस्तो हुँदैन भन्ने आत्मविश्वास बढ्नेछ । यसले राज्यधारी र राज्यविहीन राष्ट्रहरूसँगै अगाडि बढ्न तयार रहेको बुझाउनेछ र नेपाल समुन्नत राज्यको रूपमा अगाडि बढ्नेछ भन्ने सन्देश अन्तर्राष्ट्रिय जगत्ले पाउनेछ । यस्तो मेलमिलापको जग स्वदेशवाद हुनुपर्छ, जसले हामी सबैले बिराएको बाटो पहिचान गर्नेछ र पहिलोपटक आफ्नै पुर्खाको ज्ञानको जगमा नेपाल बन्नेछ ।

*(साभार: रातोपाटी)*

# लोकतान्त्रिक संस्कार संस्थागत हुन सकेन



✍ पुष्करराज प्रसाई

हामीले हरेक वर्षको वैशाख ११ गते लोकतन्त्र दिवस मनाउँदै आएका छौँ । अहिले लोकतन्त्र आएको १८ वर्ष पुग्दै छ भने गणतन्त्र पाएको १६ वर्ष पुग्दै छ, जसअनुसार वि.सं. २०७२ असोज ३ गते संविधानसभाबाट जारी नेपालको संविधानले सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेका सबै खाले विभेद र उत्पीडनको अन्त्य गर्दै संघीयता सहितको जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली अवलम्बन गरियो ।

लोकतन्त्रका आधारभूत मूल्य, मान्यता जस्तै- नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, कानुनी राज्य तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको अवधारणामा आधारित समाजवादप्रति प्रतिबद्ध रही दिगो शान्ति, सुशासन, विकास र समृद्धि प्राप्त गर्ने ध्येयतर्फ अधिकांश संवैधानिक व्यवस्था प्रत्यक्ष वा परोक्षरुपमा परिलक्षित छन् । तर जनताको लागि प्रजातन्त्र, जनतन्त्र, लोकतन्त्र, गणतन्त्र जे-जे भने पनि राज्य र नेताले लुटतन्त्र मच्चाइरहेका छन् ।

लोकतन्त्रको फलको वितरणमा संवैधानिक मनसाय विपरीत केही सीमित पहुँचवाला व्यक्तिको हालिमुहाली, आधिपत्य तथा एकाधिकार कायम छ । लोकतन्त्रका विभिन्न आयामहरुलाई पूर्वाग्रहरहित भएर मूल्यांकन गर्ने हो भने आजपर्यन्त नेपाली समाजको अर्थ-राजनीतिक, सामाजिक तथा न्यायिक व्यवस्थाको लोकतान्त्रिक प्रक्रिया पूरा भएकै छैन ।

तथापि नेपाली जनताको लागि जन्मजात श्रेष्ठता र लुटतन्त्र दुवै अस्वीकार्य हुन् । आफ्नै अयोग्यता र असफल कर्मका कारण जनताबाट विस्थापित राजतन्त्र फर्काउन खोज्ने प्रवृत्ति र संविधानले परिकल्पना गरेको लोकतान्त्रिक, न्यायपूर्ण, समृद्ध समाज निर्माणको विपरीत लुटतन्त्र चलाउने यी दुवै प्रवृत्ति नेपाली जनताको लागि स्वीकार्य छैनन् ।

सुखी र समृद्ध नेपाल निर्माणको दिशामा राज्य सञ्चालन गर्ने क्षमताको कौशलता राज्य सञ्चालकले देखाउन नसकेको तथ्य कसैले नकार्न सक्तैन । यसै अवस्थाको फाइदा नयाँ पपुलिस्ट (प्रियतावादी) शक्तिले उठाएको तथ्य पनि छर्लंग छ । सोही निर्वाचनको परिणामले सृजित संसदीय संरचनाले गर्दा अहिले विचार, आदर्श, दर्शन छोडी सरकार गठनका लागि फरक धारका बीच पटक-पटक गठबन्धन हुने गरेको छ । यसले गर्दा सोही गठबन्धन टिकाउनमा नै सरकारको ध्यान गई मुलुकका हितमा देखिने काम हुन नसकेको मात्र होइन कि मुलुकको निम्ति बोझ साबित भएको अवस्था छ । यसले गर्दा जनतामा दलप्रति नाम फरक तर काम एउटै भनी सबै दललाई एउटै डालोमा राखेर हेर्ने दृष्टिकोण विकास भएको छ । यसले गर्दा दलबीचको फरक पहिचानसमेत गुम्न लागेको अवस्था छ । यसबाट लोकतान्त्रिक शासन प्रणालीको भविष्य नै चौपट हुने आशंका जन्मिएको छ भने अर्कोतिर जनतामा व्याप्त निराशामा आशा कसरी जगाउने ? भन्नेतर्फ चुनौतीको पहाड छ । यसै विषयमा यस आलेखमा चर्चा गरिएको छ ।

आज देशमा चरम राजनीतिक विकृति, आर्थिक, व्यावसायिक क्षेत्रमा उत्पन्न संकट र साँघुरिँदै गएको रोजगारीका क्षेत्र एवं सुशासन तथा सेवा प्रवाहमा उत्पन्न समस्याले गर्दा जनतामा चरम निराशा छाएको छ । सो कुराको स्वीकारोक्ति र निष्कर्षलाई नेकपा एमालेको वैशाख ८ र ९ गते भएको प्रतिनिधि परिषद्मा अध्यक्ष केपी शर्मा ओलीद्वारा व्यक्त गरिएको हो ।

सो निष्कर्षलाई चिर्दै आशा जगाउनकै लागि पछिल्लो सत्ता समीकरण भएको हो भनी पछिल्लो सत्ता समीकरणको औचित्य पुष्टि गर्ने प्रयास पनि गरिएको छ । साथै संसदीय प्रतिपक्षको हैसियतमा कांग्रेसले गरेको संसदीय अवरोधलाई अचानक सत्ताबाट बाहिरिनुपर्दाको आक्रोश र हतासको संज्ञा दिँदै सहकारी प्रकरणमा निश्चित व्यक्तिलाई निशाना बनाएर राजनीतिक प्रतिशोधको भावनाले अगाडि सारिएका र पुष्टि नभएका विषयमा प्रवेश गर्न सकिँदैन भनिएको छ ।

एमालेले यसो भनिरहँदा मुलुकमा उत्पन्न गम्भीर समस्याहरु समाधानको लागि राजनीतिक दलहरुबीच निरन्तर संवादको आवश्यक्तालाई भुल्नुहुँदैन भन्ने हेक्का पनि राखेको देखिन्छ । मुलुकको परराष्ट्र नीति, राष्ट्रिय सुरक्षा, विकास पूर्वाधारका राष्ट्रिय एजेन्डा, संक्रमणकालीन न्याय र संवैधानिक प्रश्नमा प्रतिपक्षलगायत सबैसँग सार्थक संवाद निरन्तर जारी राख्नुपर्दछ भन्ने मान्यतामा दृढ रहेको देखिन्छ ।

यसरी नेकपा एमालेले आफूलाई लोकतान्त्रिक, समतामूलक न्यायिक समाज निर्माणमा प्रतिबद्ध भन्दै गर्दा आजसम्म आफ्नै श्रद्धेय जननेता मदन भण्डारीको रहस्यमय हत्याको अपराधी पत्ता लगाउन किन नसकेको भन्नेजस्ता प्रश्न उठेको छ । सो प्रश्न वैशाख १० गते एमालेको आयोजनामा भएको हिरक महोत्सवमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले उठाएका हुन् ।

यति मात्र होइन, दुई तिहाइको संसदीय जनादेशलाई मुलुकको हितमा पूर्ण उपयोग र रक्षा गर्न नसकेको, लिपुलेक, कालापानीसहितको चुच्चे नक्सा संसदीय सर्वसम्मतिबाट पास गराएको औपचारिक जानकारी कूटनीतिक नियोगहरुमा नगराएको, सो चुच्चे नक्सा पाठ्य पुस्तकरुमा छाप्न रोकेको, आफ्नो धर्म, संस्कृतिविरुद्ध हुने गरी होलिवाइनमा सहभागी भएको, एमसीसी र नागरिकता विधेयक पास गर्दा जलहरि प्रकरणमा जस्तै संसदीय अवरोध नगरी मौन समर्थन जनाई पास गर्न सघाएको, भ्रष्टाचारीलाई कारबाही गराउनबाट रोकेको, बाहिर मौखिकरुपमा राष्ट्रियताको नारा दिई भित्र-भित्र भारत रिझाउने काम गरेको जस्ता आरोपहरु पनि लाग्ने गरेको छ ।

यी सबै आरोप मिथ्या हुन् भनी आफ्ना काम-व्यवहारबाट पुष्टि गर्न देशमा रहेका सकारात्मक राजनीतिक शक्तिहरुलाई साथमा लिएर राष्ट्रिय हितमा अगाडि बढ्नु एमालेको लागि मुख्य चुनौती देखिन्छ । यति मात्र होइन, राजनीतिक दलहरुबीच मुलुकका सुशासन र समृद्धिजस्ता जल्दाबल्दा समस्याहरुबारे छलफल नभई केवल सत्ता प्राप्ति, गठबन्धन र तस्कर-दलालीसँगको उठबसमा नै समय बिताउने गरेको आरोप पनि समग्र दलहरुलाई लाग्ने गरेको छ ।

अहिलेको प्रतिपक्षको हैसियतमा नेपाली कांग्रेसले गरेको सहकारी छानबिन समितिको माग पनि घुमाउरो पारामा सरकार गिराउने खेल मात्र हो, सहकारी पीडितको न्यायको लागि होइन भनिने सुनिन्छ । यसरी नेपाली लोकतन्त्रको क्षयीकरणलाई पुस्ट्याइँ गर्ने अनेक प्रश्न खडा भएका छन् । लोकतन्त्रलाई उन्नत परिणाममुखी र जनमैत्री व्यवस्थाको हैसियत दिलाउन लोकतन्त्रका खेलाडीले गर्नुपर्ने विषय के-के हुन सक्छन् भन्ने प्रश्नमा बौद्धिक मथिंगल खियाउनुपर्ने भएको छ । हामी लोकतन्त्र शासकको लागि र शासकद्वारा गरिने व्यवस्थाको रुपमा प्रस्तुत भएको देख्न चाहँदैनौं । हामी चाहन्छौं, हाम्रो संवैधानिक अभ्यासहरु तथा संसदीय अभ्यासहरु स्वस्थ प्रतिस्पर्धामा आधारित हुन सकून् र आफूले अरुमाथि नैतिकताको प्रश्न उठाइरहँदा आफू त्यो प्रश्न उठाउन योग्य भएको अवस्था होस् । अमेरिकी संविधानका मस्यौदाकारमध्येका एक जोन एडमले भनेजस्तै लोकतन्त्र लामो समयसम्म टिकाइराख्न लोकतन्त्रवादीको दृढ इच्छाशक्ति, समर्पण र संकल्प अपेक्षित हुन्छ ।

हामीलाई के विश्वास छ भने, नेपालको राजनीतिक प्रक्रियामा दबाब खेप्न सक्ने क्षमता अन्तरनिहित छ, जसले आमूल रुपान्तरणलाई थेग्न सक्छ । अहिलेका राजनीतिक दलहरुबीच झगडा र मिलाप हुने समयको आँकलन कसैले गर्न नसक्ने अवस्था छ । कतिखेर के हुन्छ ? कसैले भन्न सक्तैन । किनकि दलहरुबीचको झगडा आदर्श विचार, मूल्य-मान्यताका आधारमा नभई सत्ता, पद, प्रतिष्ठाको लागि हुने गर्दछ । सोही आधारमा दलहरु जुट्ने र फुट्ने गरेका छन् । दलहरुभित्र संस्थागत आचरण, व्यवहार, जवाफदेहिता छैन ।

दलको नीतिभन्दा व्यक्तिप्रधान देखिने गरेको छ । कुनै सम्पन्न कामको जश दिँदा व्यक्तिलाई दिइन्छ तर अपजश पाउँदा दललाई देखाइन्छ । यसबाट दलहरुको आन्तरिक लोकतान्त्रीकरणको प्रक्रिया अझै कमजोर रहेको बुझ्न सकिन्छ । यस्तो अवस्थाले लोकतान्त्रीकरण प्रक्रियालाई जानाजान कुँजो बनाइँदै छ भन्ने प्रस्टै देखिन्छ । यस्तो अवस्थाले दिकदारका साथ भन्नुपर्दछ कि लोकतन्त्र स्थापना भएको लामो समय भए पनि लोकतान्त्रिक पद्धतिप्रतिको अनुदार ताले लोकतन्त्रलाई निरन्तर क्षयीकृत गरिरहेको छ । यसरी समाजलाई डोऱ्याउन नसक्ने राजनीति र राजनीतिलाई स्थान नदिने समाज भयो भने त्यो राजनीति कस्तो होला ? यसतर्फ सबै दलहरुले सोच्नु जरुरी देखिन्छ ।

अब लोकतन्त्रलाई सक्रिय र सुदृढ बनाउन समग्रतामा संविधान तथा संविधान मुताबिक बनेका ऐन-कानुनको इमानदार कार्यान्वयनको अवस्था बन्नुपर्दछ । संवैधानिक निकाय तथा अन्य संस्थाले गम्भीरताका साथ परिणाममुखी तथा अर्थपूर्ण भूमिका निर्वाह गरेर यथोचित योगदान दिन सक्नुपर्दछ । जनताको सहभागिताविना लोकतन्त्रको परिकल्पना गर्न नसकिने हुँदा जनताको आवाजलाई मुखरित गर्ने प्रधान अभिलाषा बोकेर लोकतन्त्रका सञ्चालक आफ्नो भूमिकामा जिम्मेवार बन्नुपर्दछ । संविधानको अभ्यासलाई व्यवस्थित बनाउने, प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत प्रधानमन्त्री निर्वाचित हुने गरी निर्वाचन प्रणालीमा सुधार गर्ने, तीन तहको सरकारबीचको सम्बन्धलाई व्यवस्थित बनाउने, कानुनको शासन वा सुशासन सेवा प्रवाहलाई चुस्त-दुरुस्त बनाउने, दलहरुको आन्तरिक लोकतान्त्रीकरण गर्ने, भ्रष्टाचारमाथि निर्मम भई कारबाहीको प्रक्रिया अगाडि बढाउने र छिमेकी प्रधान कूटनीतिलाई परराष्ट्र नीतिमा अवलम्बन गर्दै सन्तुलित परराष्ट्र नीति सञ्चालन गर्नेजस्ता कुराहरुमा ध्यान दिनुपर्ने परराष्ट्रका जानकार बताउँछन् । सबभन्दा महत्वपूर्ण कुरा शासक र शासितबीचको भेद समाप्त पार्नुपर्दछ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# कर्मकाण्डमै सकियो लगानी सम्मेलन

काठमाडौं/नेपालमा वैदेशिक लगानी आकर्षित गर्न सरकारले आयोजना गरेको तेस्रो लगानी सम्मेलन ठोस उपलब्धि बिना सम्पन्न भएको छ । लगानी सम्मेलनको मुखमा हतार-हतार कानुनहरू संशोधन गर्दै लगानीकर्तालाई सरकारले आश्वस्त पार्न खोजे पनि सहभागिता र उपलब्धिका दृष्टिकोणबाट लगानी सम्मेलन अपेक्षित सफल हुन सकेन ।

जसले गर्दा लगानी बोर्डका सीईओ सुशील भट्टले समापन अवसरमा लगानी सम्मेलनको उपलब्धिमा ठोस तथ्यांक प्रस्तुत गरेनन् । नेपाल लगानीकर्ताका लागि उपयुक्त थलो हो भन्ने सन्देश प्रवाहका लागि यो सम्मेलन फलदायी भएकोमा सन्देह छैन । तर, ठूला परियोजनामा लगानीकर्ता आकर्षित भएर लगानी घोषणा नभएको यो सम्मेलन विगतमा जस्तै कर्मकाण्डमै सकिएको छ । सरकारले यस पटक १ सय ५२ वटा परियोजनाहरू शोकेसमा राखेको थियो । यी परियोजनाहरू विभिन्न चरणमा रहेका थिए ।

शोकेसमा राखेका यस्ता परियोजना भविष्यमा लगानीकर्ता आकर्षित गर्न सफल हुने विश्वास सरकारको छ । सरकारले तेस्रो लगानी सम्मेलनसम्म आइपुग्दा हरेक पटक उही प्रकृतिका परियोजना शोकेसमा राख्ने र ती परियोजनालाई अगाडि बढाउन न्यूनतम तयारीका काम समेत पूरा गर्न सकेको छैन । फलस्वरूप यस्ता परियोजनाहरू लगानीको पर्खाइमा मात्र सीमित बन्न पुगेका छन् । यसका बाबजुद सोमबार केही सम्झौता र समझदारीहरूमा हस्ताक्षर भने भएको छ । यसरी लगानी घोषणा गरिएकामा पनि गैर आवासीय नेपालीहरूको लगानीको हिस्सा देखिन्छ ।

तेस्रो लगानी सम्मेलनका दौरान मनोरञ्जन क्षेत्रमा चिनियाँ र भारतीय कम्पनीसँग समझदारी भएको छ । सोमबार बीटूबी प्यानल डिस्कसनमा भारतीय र चिनियाँ लागनीकर्ताको चासो गोपी कृष्ण सेन्ट्रल कम्प्लेक्स (जीकेसीसी) मा देखिएको थियो । जीकेसीसी परियोजनालाई चिनियाँ सिन्चेन ह्वाह इन्टरनेसनल र जज्याङ् अर्बन कन्स्ट्रक्सन ग्रुप तथा भारतीय कम्पनी क्रस काउन्ड्री एड्भाइजरी र साइस्पेक्टिभ इन्टरनेसनलले सम्झौतापत्रको ड्राफ्ट आदनप्रदान गरेका छन् ।

सम्मेलनकै अवसरमा सोमबार रारामा रिसोर्ट खोल्ने अस्ट्रेलियाको एक्सपर्ट ग्रुपसँग सम्झौता भएको छ । लगानीसम्बन्धी सहकार्यका लागि एक्सपर्ट ग्रुपका तर्फबाट बद्री अर्याल र सञ्जीव शर्मा तथा रारा होल्डिङ्स रिसोर्ट प्राइभेट लिमिटेडका तर्फबाट अभिषेक विक्रम शाहले हस्ताक्षर गरे ।

सोमबार नै नेपाल उद्योग व्यापार महासंघ (एफएनआईसी) र इन्डियन इन्डस्ट्रिज एसोसिएसन (आईआईए) बीच द्विपक्षीय सहकार्य सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ । सम्झौतापत्रमा एफएनआईसीका तर्फबाट अध्यक्ष खिमलाल भण्डारी र आईआईएका तर्फबाट अध्यक्ष अनुजकुमार गर्गले हस्ताक्षर गरे ।

नेपाल र भारतबीचको लगानी, व्यापार तथा उद्योग क्षेत्रमा आपसी सहकार्य तथा हित प्रवर्द्धनका लागि सहकार्य गर्न यो सम्झौता भएको महासंघका महासचिव खिमनारायण पराजुलीले जानकारी दिए । दुई देशका निजी क्षेत्रबीच भएको यो सम्झौताले मुख्यगरी व्यापारका क्षेत्रमा सहजीकरणका लागि टेवा पुग्ने अपेक्षा गरिएको छ ।




सोमबार नै चिनियाँ कम्पनीबाट लगानी भित्र्याउन नेपालको निजी क्षेत्रले सहजीकरण गर्ने सम्बन्धी दुई समझदारी भएको छ । तेस्रो लगानी सम्मेलनको दोस्रो दिन सोमबार नेपालको 'नेक्सजेन म्यानेजमेन्ट सोलुसन प्राइभेट लिमिटेड' र चीनको 'एमएबीसी इन्भेस्टमेन्ट प्राइभेट लिमिटेड' बीच समझदारी भएको हो । सोमबार नै नेपाल उद्योग व्यापार महासंघ (एफएनआईसी) र चाइना दोङ्रुगन जिङ लङ लाइटिङ प्रडक्ट कम्पनी लिमिटेडबीच समझदारी भएको हो ।

नेक्सजेनले एमएबीसीको माउ कम्पनीलाई नेपालमा वैदेशिक लगानी गर्नका लागि सहजीकरण गर्नेछ भने एफएनआईसीले चाइना दोङ्गन जिङ लङलाई सहजीकरण गर्नेछ । यी दुई समझदारीपत्रमा हस्ताक्षर कार्यक्रममा चीनका लागि नेपालका राजदूत विष्णुपुकार श्रेष्ठ समेत सहभागी भए ।

सोमबार सार्वजनिक निजी साझेदारीमा सहकार्य गर्न दुई संस्थाबीच समझदारी भएको छ । 'वर्ल्ड एसोसिएसन अफ पीपीपी युनिट्स एन्ड प्रोफेसनल्स' (वाप) र 'नेपाल एसोसिएसन अफ पीपीपी प्रोफेसनल्स अफ प्राक्टिसनर्स' (नाप) बीच द्विपक्षीय सहकार्यसम्बन्धी समझदारी भएको हो । उक्त समझदारीपत्रमा वापकातर्फबाट अध्यक्ष जियाद-अलेक्स्यान्डर हायक र नापकातर्फबाट अध्यक्ष अनुपकुमार उपाध्यायले हस्ताक्षर गरे ।

समझदारीमा दुवै संस्थाले साझा चासोका विषयमा सहकार्य गर्ने, सार्वजनिक-निजी साझेदारी (पीपीपी) सम्बन्धी ज्ञान तथा अनुभव आदानप्रदान गर्ने समझदारीमा उल्लेख छ । नेपालमा भौतिक पूर्वाधार तथा पीपीपी पाइपलाइन सुदृढीकरण, पीपीपी परियोजना र कार्यक्रम तयारी र कार्यान्वयनमा अन्तर्राष्ट्रिय असल अभ्यास प्रवर्द्धनका लागि सहकार्य, संयुक्त रूपमा सभा-सम्मेलन, गोष्ठीका आयोजना गर्न तथा संयक्त प्रकाशन तयार गर्न दुवै संस्था सहमत भएका हुन् ।

साख: ग्रुपले होटलमा भित्र्याउने गरी सम्झौता गरेको छ । साख: ग्रुपले नेपालमा होटल क्षेत्रका लागि वैदेशिक लगानी भित्र्याउने जनाएको छ । तेस्रो लगानी सम्मेलनका दौरान सोमबार यसबारे सम्झौता भएको छ । सोमबार साख: एन्ड कम्पनी प्राइभेट लिमिटेड र बोर ग्रुप अफ होटल चाइनाबीच होटल व्यवसायमा सहकार्यसम्बन्धी आरएमबी पाँच करोडदेखि १० करोडसम्म लगानीका लागि सम्झौता भएको हो । यसअघि आइतबार दुई वटा सम्झौता भएका थिए । नेपाल उद्योग वाणिज्य महासंघ र नेसनल चेम्बर अफ कमर्स एन्ड इन्ड्रस्ट्रिज मलेसियाबीच लगानी सम्मेलनको उद्घाटनका अवसरमा द्विपक्षीय सम्झौता भएको हो । सो अवसरमा महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र मलेसियाका तर्फबाट अध्यक्ष टान सी थायन लाईले हस्ताक्षर गरे ।

यसै गरी आइतबार नै डाटा सेन्टर निर्माण तथा सञ्चालनमा सहकार्य गर्ने बारे नेपालको बीएलसी ग्रुप र भारतको योट्टा डाटा सर्भिसेजबीच सम्झौता भएको छ । सम्झौतामा बीएलसी होल्डिङ्सका प्रबन्ध निर्देशक मेघा चौधरी र सेन्टरका सीईओ सुनिल गुप्ताले हस्ताक्षर गरेका थिए ।

लगानी सम्मेलनकै दौरान उद्योग विभागबाट ९ अर्ब १३ करोड रुपैयाँ बराबरको लगानी स्वीकृत भएको छ । विभागले विभिन्न चार वटा उद्योगका लागि सो रकम बराबरको लगानी स्वीकृत गरेको जनाएको छ । भक्तपुरमा लगानी कम्पनीका लागि ६ अर्ब र काठमाडौंमा व्यावसायिक भवन बनाउन ३ अर्ब रुपैयाँ बराबरको लगानी यस दौरान स्वीकृत भएको थियो । कैलालीमा लघु जलविद्युत् र ललितपुरमा होटल तथा रेस्टुरेन्ट बनाउन समेत लगानी स्वीकृत भएको विभागले जनाएको छ ।

**लगानीको वातावरण बनेको सन्देश दिने प्रयास**

सम्मेलन अवधिभर कुल १२ वटा सेसनमा छलफलहरू भएका थिए । जसमा विकासे र महत्त्वपूर्ण मन्त्रालय सम्हालेका मन्त्रीहरूले सेसनको अध्यक्षता गरेका थिए । उनीहरूले नेपाल लगानीका लागि उपयुक्त क्षेत्र रहेको र अहिले त्यो वातावरण समेत बनेको भन्दै निसंकोच लगानी गर्न आह्वान गरे ।

**अर्थमन्त्रीको दाबी र दाताको सुझाव**

अर्थमन्त्री वर्षमान पुनले भने सम्मेलन सफल भएको दाबी गरे । सम्मेलनमा सहभागी हुन आएका विश्व बैंक, एसियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) तथा नेपालका लागि विभिन्न देशका राजदूतहरूसँगको साइडलाइन बैठकमा बोल्दै सोमबार बिहान उनले सम्मेलन सफल भएको दाबी गरे । दाताहरूले भने कानुनी र प्रक्रियागत सुधार भए मात्र लगानी आउने दाबी गरे ।

**अन्तिम समयमा गरिएका प्रयास कति प्रभावकारी ?**

सरकारले सरकारले लगानी सम्मेलन अगाडि लगानी सहजीकरण गर्नेबारे ऐन संशोधनको प्रतिबद्धता जनाएको थियो । संसदबाट लगानीको वातावरण बनाउन यी ऐन संशोधन गर्न नसकेको सरकार ले संसद अधिवेशन अन्त्य भएपछि अध्यादेश मार्फत ऐन संशोधन गर ेको छ ।

तर, लगानी सम्मेलन उद्घाटनका दिनमा मात्र आएर अध्यादेश जारी भयो । ऐनको संशोधित व्यवस्थालाई 'अङ्ग्रेजी ट्रान्सलेसन' मार्फत कानुनी सुधार गरी लगानीको वातावरण बनेको सन्देश दिन उक्त सयम पर्याप्त भएन ।

**रेटिङको अभाव**

२०७५ मा दोस्रो लगानी सम्मलेनपछि आएको आर्थिक वर्ष २०७५/७६ को बजेटमा सरकारले देशको 'क्रेडिट रेटिङ' गर्ने घोषणा गरेको थियो । तर, तेस्रो लगानी सम्मेलन हुँदा समेत त्यसले पूर्णता पाउन सकेन । तत्कालीन अर्थमन्त्री डा. प्रकाशशरण महतले लगानी सम्मेलन अगाडि 'क्रेडिट रेटिङ' को प्रारम्भिक नतिजा सार्वजनिक गर्ने बताएका थिए । तर, लगानी सम्मेलनमा सहभागी भएका लगानीकर्ताले नेपालमा लगानीको अवस्थाको जानकारी दिने 'क्रेडिट रेटिङ' को प्रारम्भिक नतिजा सरकारले दिन सकेन । सरकारले २०७६ सालमा अन्तर्राष्ट्रिय रेटिङ कम्पनी फिचलाई मुलुकको क्रेडिट रेटिङको जिम्मा दिइयो । तर कोभिड महामारीको कारण देखाउँदै सरकारले स्थगित भयो ।

लगानीकर्ताले लगानी गर्नुपूर्व त्यो देशको क्रेडिट रेटिङबारे जानकारी लिन्छन् । जसको आधारमा लगानी गर्ने वातावरण, लगानी सुरक्षा, प्रतिफल जस्ता विषयबारे थाहा हुन्छ । अन्तर्राष्ट्रिय बजारमा ऋणपत्र जारी गरेर पूँजी जुटाउनका लागि पनि यसलाई महत्वपूर्ण माध्यम मानिन्छ ।

यसले सरकारी नीतिको विश्वसनीयता, मुलुकको शासन व्यवस्था, संस्थागत, राजनीतिक र प्रशासनिक क्षेत्रको बारेमा लगानीकर्तालाई अनुमान गर्न र योजना बनाउन सहज बनाउँछ । तर हाम्रो सरकारले लगानी विस्तार गर्ने विषयलाई जोडतोडले उठाए पनि कन्ट्री रेटिङ भने गर्न सकेको छैन ।

**यसअघिको लगानी सम्मेलनको उपलब्धि के थियो ?**

पहिलो लगानी सम्मेलन १९ र २० फागुन २०७३ मा भएको थियो । पुष्पकमल दाहाल प्रचण्डनै प्रधानमन्त्री रहेको बेला भएको पहिलो लगानी सम्मेलनमा १३ अर्ब ७० करोड डलरको लगानी प्रतिबद्धता आएको लगानी बोर्डले जनाएको छ । सम्मेलनमा जलविद्युत्, कृषि, पूर्वाधार र खानीलगायतका क्षेत्रलाई सरकारले प्राथमिकतामा राखेको थियो । २३ देशका २५७ विदेशी लगानीकर्ता सहित कुल ५०० भन्दा धेरै लगानीकर्ता सहभागी थिए ।

उक्त सम्मेलनमा तमोर, पश्चिम सेती, निजगढ विमानस्थल, मोनोरेल, भेइकल एसेम्बली प्लान्ट र औद्योगिक पार्कलगायतका आयोजनामा लगानीकर्ताले प्रतिबद्धता जनाएका थिए । सरकारले कृषि, सडक, पूर्वाधार, ऊर्जा, हवाई पूर्वाधार, खानी तथा उत्खनन, उत्पादन, स्वास्थ्य, पर्यटन तथा रेलवे लगायका क्षेत्रलाई प्राथमिकतामा राखेको थियो ।

उक्त लगानी सम्मेलनमा प्रतिबद्धता आएका होङ्सी र हुवासिन सिमेन्ट उद्योग सञ्चालनमा आएका छन् भने अरुण तेस्रो र अप्पर मर्स्याङ्दी जलविद्युत् आयोजनाको निमार्ण अगाडि बढेको छ । सरकारले पहिलो लगानी सम्मेलनमा कुनै पनि परियोजना शोकेस गरेको थिएन । परियोजना सोकेस नहुँदा पनि लगानी प्रतिबद्धता प्रदर्शन गरिएको थिएन ।

१५ र १६ चैत २०७५ मा दोस्रो लगानी सम्मेलन भएको थियो तत्कालीन प्रधानमन्त्री केपी शर्माले ओलीले उद्घाटन गरेको सम्मेलनमा सरकार र निजी क्षेत्रले समेत गरेर ८९ परियोजना शोकेस भएका थिए । ४० देशका ३०० भन्दा बढी कम्पनीका ७३५ विदेशी र नेपालका १०० भन्दा बढी कम्पनीबाट ६०० भन्दा बढी लगानीकर्ता सम्मेलनमा सहभागी भएको लगानी बोर्डले जनाएको छ । १७ वटा परियोजनामा लगानी प्रतिबद्धता र १६ वटा समझौता उक्त लगानी सम्मेलनमा भएको थियो ।

दोस्रो लगानी सम्मेलनमा चौधरी ग्रुपले चार वटा समझदारी गरेको थियो । जसमा टेलिकम, सोलार र लजिस्टिकमा विदेशी कम्पनी भित्र्याउने छन् भने प्रदेश २ सँग सोलार प्लान्ट राख्ने सम्झौता भएको छ । पहिलो लगानी सम्मेलनमा लगानी प्रतिबद्धता भएको ९०० मेगावाटको अरुण तेस्रो जलविद्युत् आयोजनामा लगानी गर्ने प्रतिबद्धता पत्रमा पनि हस्ताक्षर भएको थियो । भारतको स्टेट बैंक अफ इन्डिया र नेपालको एभरेस्ट र नबिल बैंकले सतलज कम्पनीले ऋण दिने गरी सम्झौता गरेका थिए । उक्त परियोजना अहिले निमार्ण भइरहेको छ ।

यस्तै गैरआवासीय नेपाल संघ (एनआरएनए) ले नेपालको पूर्वाधार विकासमा लगानी गर्न 'एनआरएन इन्फ्रास्ट्रक्चर इन्भेस्टमेन्ट कोष' बनाउने सम्झौता भएको थियो । पहिलो वर्ष नै गैरआवासीय नेपालीहरूबाट १० अर्ब लगानी जुटाउने एनआरएनएको दाबी छ । उक्त कोष स्थापना गर्नेगरी कम्पनी स्थापना भएपनि त्यसले अपेक्षाकृत काम गर्न सकेको छैन ।

बाराको सिमरा सेज पीपीपी मोडलमा बनाउन लगानी बोर्ड र विश्व बैंक अन्तरगत रहेको अन्तर्राष्ट्रिय वित्त निगमसँग समझदारी भएको थियो भने बनेपामा हिमालय बुटिक, ग्रिन वेयर हाउस लगायतको समझदारी भएको थियो छ ।

*(स्रोत: अनलाइनखबर)*

# विराज भट्टको '१२ गाउँ'बाट डेब्यु गर्दै सनिशा



काठमाडौं/पछिल्लो समय म्यूजिक भिडियो हुँदै फिल्ममा भित्रिने कलाकारको संख्या बढिरहेको छ । यसैक्रममा, मोडल सनिशा भट्टराई पनि अब फिल्मकी हिरोइन बन्ने भएकी छन् । अभिनेता विराज भट्टको निर्देशनमा बन्न लागेको आगामी फिल्म '१२ गाउँ'बाट उनले डेब्यु गर्न लागेकी हुन् । विराजले सोमबार फेसबुकमा एक पोस्टमार्फत् फिल्ममा उनको अभिनय रहने पुष्टि गरेका हुन् । फिलममा उनको प्रमुख भूमिका रहने विराजले जनाएका छन् ।

छोटो समयमै म्यूजिक भिडियोमा स्थापित सनिशाले 'ए होर माया', 'आँशु बनि नखस कैले नि', 'तिमीलाई हेर्ने बानी पऱ्यो', 'साइँली', 'लुम्बिनी कर्णाली' जस्ता दुई दर्जन बढी गीतमा काम गरिसकेकी छन् । म्यूजिक भिडियोमा अभिनेता पल शाहसँग उनको जोडी बढी रुचाइएको छ । अब '१२ गाउँ'बाट उनी फिल्ममा आफ्नो करिअर सुरु गर्दैछिन् । त्यसो त यसअघि पनि उनलाई केही फिल्मबाट प्रस्ताव पुगेको थियो ।

यसै वर्ष छायांकनको तयारी गरिएको '१२ गाउँ'मा विराज स्वयं मुख्य भूमिकामा प्रस्तुत हुँदैछन् भने उनका छोरा समीर भट्टको पनि अभिनय रहनेछ । यो फिल्मबाट सनिशासँगै पूर्वमिस नेपाल इन्टरनेसनल (२०२२) न्यान्सी खड्काले पनि डेब्यु गर्दैछिन् । भिलेनको भूमिकामा कनिज कोइरालाको अभिनय रहनेछ । फिल्ममा सन्तोष सरकारको कथा तथा पटकथा छ ।

विराजले फिलमलाई ठूलो 'स्केल'मा निर्माण गर्दैछन् । एक्सन प्रधान रहने फिल्मका लागि उनले साउथ फिल्मबाट द्वन्द्व निर्देशक लिएका छन् । कयौन् तमिल फिल्ममा द्वन्द्व निर्देशक भएर काम गरेका स्टन्ट सिल्भाको फिल्ममा द्वन्द्व निर्देशनसँगै मुख्य खलपात्रको भूमिका पनि रहने जनाइएको छ । सिल्भा केही समयअघि काठमाडौं आएका थिए । फिल्मलाई विराज स्वयंले निर्माण गर्नेछन् ।

# 'मनसरा'को 'झ्यालको' गीत रिलिज



काठमाडौं/कवि उपेन्द्र सुब्बाको दोस्रो निर्देशकीय फिल्म 'मनसरा'को पहिलो गीत सार्वजनिक गरिएको छ । सनुप पौडेल र झुमा लिम्बूको युगल स्वर रहेको 'झ्यालको' बोलको मर्मस्पर्शी गीतमा झुमा लिम्बूको संगीत तथा हर्क साउदको शब्द रचना छ । फिल्मका कलाकारहरुको मनोविज्ञान, अवस्था र परिस्थितिलाई व्यक्त गरेको गीतले फिल्मको कथासार बुझाउन खोजेको छ ।

अन्तरजातीय सम्बन्धको आयामलाई समेटिएको यो फिल्ममा दयाहाङ राई, मिरुना मगर, प्रवीण खतिवडा र मेनुका प्रधान केन्द्रीय भूमिकामा छन् भने हेमन्त बुढाथोकी, शान्ति गिरी, नेनहान राई लगायतको पनि अभिनय छ । निर्देशक सुब्बाकै लेखन रहेको फिल्मका निर्माता शैलेन्द्र ध्वज कार्की हुन् । शैलेन्द्र स्वयंले फिल्म खिचेका हुन् ।

फिल्ममा विष्ण कुमार लिम्बु, मनोरथ पोखरेल, पर्शु अधिकारी, पिटर गुरुङ तथा जीवन लिम्बु थाक्लुङ सह-निर्मातामा छन् भने सिजन दाहाल कार्यकारी निर्माता हुन् । निमेश श्रेष्ठको सम्पादन रहेको फिलममा अर्जुन कार्कीको रंग संयोजन तथा श्रवल राज पाण्डेको साउण्ड डिजाइन छ । फिल्म यही बैशाख २१ गतेबाट सार्वजनिक प्रदर्शनमा आउने तयारीमा छ ।

# इरफान खान: कलाकार होइन, क्रिकेटर बन्न चाहन्थे



एजेन्सी, मुम्बई/ बलिउडमा गर्विलो नाम बनाएका स्वर्गीय अभिनेता इरफान खानले हलिउडसम्म आफ्नो अभिनयको जादू छरे । उनको अभिनयबाट हरेक वर्गका दर्शक प्रभावित बनेका थिए/छन् । राजस्थानको जयपुरमा जन्मिएका उनको चार वर्ष अगाडि (२०२० अप्रिल २९) न्यूरोएन्डोक्राइन ट्यूमरका कारण निधन भएको थियो । उनको निधनले बलिउडलाई ठूलो क्षति पुगेको छ । उनी जत्तिको उम्दा कलाकार बलिउडले पाउन नसक्ने चर्चा हुने गर्छ ।

खासमा इरफान कलाकार नभइ क्रिकेटर बन्न चाहन्थे । उनी सीके नायडू टूर्नामेन्टमा छनोट समेत भएका थिए । त्यसका लागि उनी एक क्याम्पमा जानुपर्ने थियो । तर, पैसाको अभावले उनी त्यो प्रतिस्पर्धामा सहभागी हुन सकेनन् । त्यसपछि उनले क्रिकेट नै छाड्ने निर्णय लिएका थिए ।

कलाकार बन्ने सपना देख्नु पनि उनका लागि जीवनको ठूलो जोखिम थियो । न फिल्मसँग सम्बन्धित पारिवारिक पृष्ठभूमि न आर्थिक रुपमा सबल, तर पनि उनले कलाकार बन्ने सपना देखे । उनले एकपटक भनेका थिए, 'मैले केही फिल्म हेरेपछि कलाकार बन्ने सपना देखेको थिएँ । यो मेरो जीवनको सबैभन्दा ठूलो जोखिम थियो । म जुन परिवारबाट आएँ, त्यहाँ कोही क्रियटिभ ब्याकग्राउन्डका थिएनन् । जब एनएसडीमा भर्ना भएँ, त्यसबेला पिताको निधन भयो । त्यसपछि घर बाट पैसा मिल्न छाड्यो । मैले फेलोसिपको माध्यमबाट कोर्स पूरा गरेँ ।'

कलाकार बन्ने सपना बोकेर मुम्बई आएपछि उनले ठूलो संघर्ष गर्नुपरेको थियो । मुम्बईमा रोजीरोटीका लागि उनले इलेक्ट्रिसियनको काम गरे । एकपटक उनी सुपर स्टार राजेश खन्नाको घरमा एसी बनाउन गएका थिए, त्यसबेला पहिलोपटक उनले राजेश खन्नालाई देखेका थिए । त्यो भेटले उनलाई कलाकार बन्ने भोक झनै जगायो ।

उनको अभिनय करिअरको सुरुवात भने दूरदर्शनको सिरियल 'श्रीकान्त' (१९८५)बाट भएको थियो । यसपछि उनले 'भारत एक खोज', 'चाणक्य', 'चंद्रकान्ता', 'सारा जहाँ हमारा', 'बनेगी अपनी बात' र 'जय हनुमान' जस्ता सिरियलमा काम गरे ।

टेलिभिजनमा करिअर बनाएपछि उनले फिल्म 'सलाम बम्बे'मा केमियो रोल पाएका थिए, तर पछि उनको सिन काटिएको थियो । त्यसबेला आफू धेरै रोएको इरफानले अन्तर्वार्तामा बताएका थिए । सन् १९९० मा आएको फिल्म 'एक डक्टर की मौत'बाट उनको बलिउडमा डेब्यु भयो । यसमा उनले निडर पत्रकारको भूमिका निभाएका थिए । सन् २००६ मा आएको फिल्म 'द नेमसेक'मा भने उनले मुख्य भूमिका निर्वाह गर्ने मौका पाए । त्यसपछि उनको करिअरले रफ्तार समातेको थियो ।

इरफानले ३२ वर्ष लामो करिअरमा गरेका केही फिल्म बलिउडकै लागि माइलस्टोन मानिन्छन् । निर्देशक तिग्मांशु धूलियाको फिल्म 'हासिल'बाट उनले उत्कृष्ट भिलेनको फिल्मफेयर अवार्ड जितेका थिए । 'मकबूल', 'लाइफ अफ पाई', 'लञ्चबक्स', 'हैदर', 'पीकू', 'हिन्दी मीडियम' जस्ता उनका यादगार फिल्ममा पर्छन् । फिल्म 'पान सिंह तोमर'बाट राष्ट्रिय अवार्ड समेत जितेका उनलाई सन् २०११ मा भारत सरकारले पद्मश्रीबाट सम्मानित गरेको थियो । अहिले उनका छोरा बाबिल खानले बलिउडमा राम्रो उपस्थिति जनाएका छन् ।

# उपचुनावले बढायो एमालेको आत्मविश्वास

काठमाडौं/संघीय संसदको दोस्रो ठूलो शक्ति नेकपा एमालेले उपचुनावको नतिजा आफ्नो पक्षमा पारेको छ । बझाङ (क) मा एमाले उम्मेदवार दमनबहादुर भण्डारी निर्वाचित भइसकेका छन् भने इलाम-२ मा सुहाङ नेम्वाङ फराकिलो मतान्तर सहित जिततर्फ उन्मुख छन् ।

सोमबार रातिसम्मको मत प्रवृत्ति कायमै रहे एमालेका नेम्वाङ जित्ने निश्चित छ । ४५ हजार ९५३ मत गणना हुँदा १९ हजार ११४ मत सहित सुहाङले अग्रता लिइरहेका छन् । उनलाई पछ्याइरहेका नेपाली कांग्रेसका डम्बरबहादुर खड्का निकै पछाडि (१२ हजार ६७५ मत) छन् ।

सुहाङको अग्रता जोगिए उपचुनाव भएका दुवै क्षेत्र एमालेको पोल्टामा जानेछ । अर्थात् प्रतिनिधिसभामा एमालेको सिट संख्या कायमै रहनेछ भने सुदूरपश्चिम प्रदेशसभामा एक सिट थप्न सफल भएको छ । २०७९ मंसिरको आमचुनावमा इलाम-२ बाट एमालेका सुवास नेम्वाङ र बझाङ (क) बाट कांग्रेसका पृथ्वीबहादुर सिंह निर्वाचित भएका थिए । दुवैको निधन भएपछि सम्पन्न उपचुनावमा एमालेले इलामको आफ्नो सिट सुरक्षित गर्दै बझाङको नतिजा उल्ट्याएको छ । सिट संख्याका आधारमा उपचुनावको नतिजाले राष्ट्रिय राजनीतिमा कुनै उथलपुथल ल्याउने छैन ।

तर उपचुनावबाट जाने सन्देशले अध्यक्ष केपी शर्मा ओली र एमाले पंक्तिलाई उत्साहित बनाएको बुझ्न गाह्रो पर्दैन । एमाले स्थायी कमिटी सदस्य एवं कोशी प्रदेशका पूर्वमुख्यमन्त्री हिक्मत कार्की, जनादेश पार्टीको पक्षमा आउँदा उत्साहित हुनुलाई स्वभाविक मान्छन् । 'उपचुनावले तत्कालको जनादेशलाई संकेत गर्छ र जनादेश एमालेसँग रहेको पुष्टि भएको छ', उनी भन्छन् ।

हुन त इलाम र बझाङ दुवै क्षेत्रमा एमालेको बलियो राजनीतिक पृष्ठभूमि भएकाले जित स्वभाविक हो । तर जस्तो परिस्थिति र समीकरणमा जित निकाल्यो, त्यसले केही सन्देश पक्कै गएको छ ।

इलाम-२ एमालेले २०५६ देखि लगातार जितिरहेको क्षेत्र हो । संविधानसभाका अध्यक्ष एवं एमालेका तत्कालीन उपाध्यक्ष सुवास नेम्वाङले यो क्षेत्रबाट कहिल्यै हारेनन् । २०७९ मंसिरको चुनावमा माओवादी केन्द्र, एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा) को समर्थनमा कांग्रेसका डम्बर खड्काले सुवास नेम्वाङसँग प्रतिस्पर्धा गरेका थिए । एमाले विभाजित भएको, राजनीतिक परिस्थिति प्रतिकुल रहेको अनि पाँचदलीय गठबन्धन हुँदा पनि नेम्वाङ ११४ मतको झिनो अन्तरले (३० हजार २० मत पाएर) विजयी भएका थिए । तर सुवास नेम्वाङको निधन भएपछि गरिएको उपचुनावमा उनकै कान्छा छोरा सुहाङ फराकिलो अन्तरले जित्ने संभावना बढेको छ ।

भलै सुहाङलाई माओवादीको समर्थन छ । तर सँगै प्रतिकुलताहरु पनि धेरै थिए । विशेषगरी प्रदेशको नाम कोशी राख्ने गत वर्ष १७ फागुनको निर्णयपछि पहिचान पक्षधरहरु एमालेविरुद्ध खनिएका थिए ।

एमाले अध्यक्ष ओली, सचिव योगेश भट्टराई, प्रदेश संसदीय दलका नेता हिक्मत कार्की र उपनेता राम रानामाथि पहिचान पक्षधरले पटकपटक आक्रमणकै प्रयास गरे । इलाम-२ (ख) बाट निर्वाचित प्रदेशसभा सदस्य रानामाथि कुटपिटकै प्रयास भयो । प्रदेशको नाम कोशी राख्ने प्रस्तावका प्रस्तावक बसेकाले रानामाथि पहिचान पक्षधरको चर्को आक्रोश थियो ।

कोशी नाम राख्ने प्रदेशसभाका सबै प्रदेशलाई निषेध गर्ने निर्णय भएपनि पहिचान पक्षधरहरुले एमाले बाहेकका दलप्रति तुलनात्मक नरम व्यवहार देखाएका थिए ।

तर एमालेलाई प्रदेशमा निषेध नै गर्ने योजना अन्तर्गत मध्यपहाडी संकल्पमा निस्किएको एमाले टोलीलाई ओखलढुंगाको टोक्सेलबाट अगाडि बढ्न नदिने प्रयास समेत गरिएको थियो ।

कोशी नाम राख्ने निर्णयविरुद्ध भएको आन्दोलनमा गत वर्ष ५ चैतमा एक जनाको ज्यान नै गएको थियो । नाम संशोधन नभएसम्म आन्दोलन नरोक्ने चेतावनी दिइरहेको पहिचान पक्षधरहरुले यो उपचुनावमा साझा उम्मेदवारका रुपमा डकेन्द्र थेगिमलाई उम्मेदवार बनाएका थिए । सरकारमै रहेका जसपा, बाबुराम भट्टराई नेतृत्वको नेसपा सहित सबै जातीय तथा सामाजिक संस्थाहरुको समर्थन थेगिमले पाएका थिए ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# हेटौंडा-८ मा उपमहानगरको योजना तर्जुमा सकियो

साझाकुरा संवाददाता

हेटौंडा, १७ वैशाख/ जनताबाटै आएको सुझावअनुसार नगरको विकासलाई अघि बढाउने उद्देश्य थालेको हेटौंडा उपमहानगर पालिकाले ८ नम्बर वडामा योजना तर्जुमा गोष्ठी सञ्चालन गरेको छ ।

नगरवासीलाई आगामी योजनामा समावेश गराउँनका लागि सोमबार हेटौंडा उपमहानगर पालिका-८ नम्बर वडामा आर्थिक वर्ष २०८१/८२ को वार्षिक योजना निर्माणका लागि सरोकारवालासँग छलफल तथा सुझाव संकलन गरेको हो । वडातहबाटै आएको माग अनुसार काम गर्दा नगरको विकासमा सबैको भावना समेटिने भएकाले १९ वडामा योजना संकलनको काम गरिने उपमहानगरले जनाएको छ ।



उपमहानगरले अहिलेसम्म १, ३, ४, ५, ६, ७ नम्बरमा सुझाव संकलनको काम सकाएको छ । स्थानीय पालिकाको बजेट निर्माणपूर्व ७ चरणमा छलफल र समन्वय गर्नुपर्ने नीतिअनुसार उपमहानगर का सबै वडामा सुझाव संकलनको काम गरिएको सामाजिक विकास महाशाखाप्रमुख भीमप्रसाद तिमल्सिनाले बताए । आउँदो वर्षका लागि बन्ने बजेटमा वडाको राजश्व संकलनको क्षमता अनुसार बजेट व्यवस्थापन गर्ने सोच रहेको भन्दै र राजश्व संकलनलाई प्राथमिकतामा राखेर काम गर्ने तयारी उपमहानगरको छ ।

८ नम्बर वडामा भएको सुझाव संकलनमा स्थानीयले शिक्षा, स्वास्थ्य, खेलकुद, सडक, ढलसहित दिगो आर्यआर्जनका काममा महिलालाई जोड्ने योजना बनाउँन सुझाव दिएका थिए । हेटौंडा-८ का रमेश थापाले नगरले गौरबको योजनाको रुपमा अघि सारेको चन्द्रोदय मिनि रंगशालाको काम लामो समयदेखि अलपत्र पर्दा समस्या भएको बताएका थिए । २ करोड रुपैयाँ बजेट बिनियोजन गरेर काम अघि बढाए पनि जगको कामपछि मिनि रंगशालाको काम अघि नबढेको भन्दै ध्यानाकर्षण गराए ।

वडामा बढ्दै गएको दुर्व्यसनीलाई नियन्त्रण गर्नका लागि खेलकुदको भूमिका महत्वपूर्ण हुने भएकाले उपमहानगले युवालक्षित कार्यक्रम अघि बढाउन जरुरी रहेको बताए । स्थानीयले उपमहानगरको सडक योजनामा स्ल्याव ढलानको काम धेरै भएको भन्दै पछि समस्या आउने बताए । अहिले राम्रो र हुन्जेल मात्र होइन भोलिको दिनमा स्ल्यावको व्यवस्थापन कसरी गर्ने भन्नेबारे सोच्न जरुरी रहेको उनीहरुको भनाई थियो । स्थानीयले निर्माण भएका सडकका बीचमा रहेका बिजुलीको पोल व्यवस्थापन जरुरी रहेको औंल्याएका थिए ।

**“आगामी वर्ष शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राख्छौं”**

नगरप्रमुख मीनाकुमारी लामाले उपमहानगरको आगामी वर्षको बजेट शिक्षा र स्वास्थ्यमा केन्द्रित हुने बताएकी छन् । विकास निर्माणको कामलाई कमगर्दै अब शैक्षिकगुणस्तर सुधार र नगरवासीको स्वास्थ्यलाई ध्यान दिँदै बजेट निर्माण गर्ने बताइन् ।

पूर्वाधार निर्माणको क्षेत्रमा अति आवश्यकीय पक्षलाई मात्र ध्यान दिन्छौं, नत्र बजेट सबै शिक्षा र स्वास्थ्य केन्द्रित हुने उनको भनाई थियो । आगामी वर्ष हेटौंडा-८ को सडकलाई व्यवस्थित बनाउनका लागि प्राथमिकतामा राखेर बजेट बिनियोजन गर्ने बताइन् । नगरको विकासलाई समानुपातिक ढंगबाट विकासको काम गर्ने बताइन् ।

उनले दिगो ढंगबाट कामलाई अघि बढाउँदै लैजाने योजना रहेको भन्दै उपमहानगरको कामलाई सकारात्मक ढंगबाट बुझिदिन नगरवासीलाई आग्रह गरिन् । हेटौंडा-८ का वडाअध्यक्ष रामकृष्ण थापाको सभाध्यक्षतामा भएको कार्यक्रममा कार्यपालिका सदस्य मञ्जु भुर्तेल, वडासदस्य रीता मग्राती, बालसञ्जाल वडासंयोजक प्रकृति भण्डारी सहित राजनीतिक दलका प्रतिनिधि, विद्यालयका प्रधानाध्यापक, टोल विकास संस्थाका प्रतिनिधि, बालसमूहको सहभागिता रहेको थियो ।

# कांग्रेस मकवानपुरद्वारा कोषाध्यक्ष गौतम पदमुक्त

साझाकुरा संवाददाता

हेटौंडा, १७ वैशाख/ नेपाली कांग्रेस मकवानपुरका कोषाध्यक्ष होमनाथ गौतम पदमुक्त भएका छन् । केहीदिन अघि बसेको जिल्ला कार्यसमितिको पूर्णबैठकले गौतमलाई निष्कृय भएको भन्दै पदमुक्त गर्ने निर्णय गरेको सभापति बुद्ध लामाले जानकारी दिएका छन् ।



पार्टीले सञ्चालन गरेका विभिन्न गतिविधि तथा नियमित बैठकमा समेत नआउने, पदीय जिम्मेवारी बहन नगर्ने र पटक-पटक पत्राचार गर्दा समेत वेवास्था गर्ने गरेको कारण देखाउँदै गौतमलाई पदमुक्त गरिएको हो ।

प्रवक्ता अर्जुन चौलागाईंका अनुसार गौतम निष्कृय भएको र कोषाध्यक्ष नै निष्कृय हुँदा पार्टीका हरेक गतिविधि सञ्चालन गर्न कठिनाई भएकोले नयाँ व्यक्तिलाई जिम्मेवारी दिनुपर्ने आवाज जिल्ला कार्यसमितिको पूर्णबैठकमा उठेपछि उनलाई पदमुक्त गर्ने निर्णय भएको हो ।

चौलागाईंले चाँडै अर्को व्यक्तिलाई कोषाध्यक्षमा मनोनित गरिने बताए । गौतमलाई २०७८ चैतमा कांग्रेस मकवानपुरले कोषाध्यक्षमा मनोनित गरेको थियो । उनी १४ औं महाधिवेशनबाट जिल्ला सदस्य निर्वाचित भएका थिए ।

# स्थापना दिवसको अवसरमा अस्पताल सरसफाई

साझाकुरा संवाददाता

हेटौंडा, १७ वैशाख/ सशस्त्र प्रहरी बल १४ नं. गण हेडक्वार्टरले १४ औं स्थापना दिवसको अवसरमा हेटौंडा अस्पताल सरसफाई गरेको छ ।

साताव्यापी कार्यक्रम अन्तर्गत सोमबार पहिलो दिन अस्पताल परिसर सरसफाई गरेको हो । हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा जिल्ला प्रहरी कार्यालय मकवानपुर र सशस्त्र प्रहरीका टोलीले सरसफाइ गरेका हुन् ।




सशस्त्र प्रहरीले सामाजिक उत्तरदायित्व वहन गर्दै सर्वसाधारण उपचारका लागि आउने अस्पताल सरसफाई गरिएको सशस्त्र प्रहरी बल, नेपाल नं १४ गण हेडक्वार्टरका निमित्त प्रमुख चिरञ्जीवि प्रसाईंले जानकारी दिए । अस्पताल परिसर, पार्कङ क्षेत्रलगायत स्थान सरसफाई गरिएको थियो ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक सीताराम रिजाल, हेटौंडा अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट श्रीधर अर्याल, हेटौंडा उपमहानगरका वातावरण महाशाखा प्रमुख सत्यदेवी अधिकारीलगायतको सहभागिता थियो ।

# सहकारी व्यवस्थापकलाई क्षमता विकास तालिम



साझाकुरा संवाददाता

हेटौंडा, १७ वैशाख/ राष्ट्रिय सहकारी बैंक लिमिटेड हेटौंडा शाखाको आयोजनामा मकवानपुरमा रहेका बैंकका सदस्य सहकारी संघ संस्थाका ब्यवस्थापकको २ दिने क्षमता विकास तालिम सोमबार सुरु भएको छ ।

राष्ट्रिय सहकारी बैंकका संचालक एवम् बागमती प्रदेश संयोजक रामहरि बजगाईको प्रमुख आतिथ्यतामा भएको तालिम उद्घाटन कार्यक्रम बैंकका हेटौंडा शाखा संयोजक नारायणप्रसाद देबकोटाको अध्यक्षतामा भएको थियो । हेटौंडाको रोयल प्यालेसमा सुरु भएको तालिममा राष्ट्रिय सहकारी बैंकका प्रशिक्षक बल्लभ तिमिल्सिना र झलेन्द्र दाहालले सहजीकरण गरेका छन् ।

बैंकको एनसिबिएल सदस्यशिक्षा कार्यक्रम २०८०/८१ अन्तर्गत २ दिने ‘व्यवस्थापकको क्षमता विकास’ तालिम संचालन गरिएको राष्ट्रिय सहकारी बैंकका बागमती प्रदेशप्रमुख रामेश्वर अर्यालले बताए । तालिममा मकवानपुरका सहकारी संघसंस्थाका ४१ जना ब्यवस्थापकको सहभागिता रहेको छ ।

# पानी नपरेपछि बाली सुक्न थाल्यो

साझाकुरा संवाददाता

हेटौंडा, १७ वैशाख/ वर्षा नहुँदा मकवानपुरमा तरकारी सँगै अन्नबाली पनि सुक्न थालेको छ । किसानले खोलाको पानी लगाउनेगरी र आकाशको पानीका भरमा रोपेको चैते धान सुक्न थालेको हो ।

पानी नपरेकाले खेतबारीमा लगाइएको तरकारी खेती नै सखाप हुन थालेको छ । हेटौंडा उपमहानगरपालिका, मकवानपुरगढी गाउँपालिका, थाहा नगरपालिका, भीमफेदी गाउँपालिका, मनहरी गाउँपालिका, बकैया गाउँपालिका लगायत क्षेत्रमा पानी पर्ने आसमा खेतबारीमा लगाइएका अन्नबाली र तरकारी बाली नष्ट हुन थालेको किसानहरु बताउँछन् ।

सिंचाइको सुविधा भएको ठाउँमा मात्रै चैते धानखेती हुने गरेको तर, आकाशे वर्षा नै नभएर पानीको तह सुक्दा समस्या परेको किसानले बताएका छन् । चैते धान रोपेदेखि पानी नपर्दा खेतमा धाँजा फाटेको छ ।

यो वर्ष खेतबारीमा लगाइएको तरकारी र अन्नबालीमा निकै सुख्खा भएर समस्या भएको मकवानपुरगढीका किसान महारत्न सापकोटा बताउँछन् । यो वर्ष जिल्लामा चैते धानखेती विस्तार भएको अवस्थामा सुरुमै खडेरीले प्रभाव पारेको छ ।

लामो खडेरीका कारण जनजीवन कष्टकर बनेपछि पानी पर्ने जनविश्वासले हेटौंडा उपमहानगरपालिका-१६ मा गत बुधवार मात्रै स्थानीयले भ्यागुताको वैदिक परम्परा अनुसार विवाह गराएका थिए । इन्द्र भगवाको पूजाआजा गरेपछि एक जोडी भ्यागुता समातेर श्रृङगार गरी बेहुला-बेहुली बनाएर विवाह प्रक्रिया पूरा गरिएको थियो ।

हेटौंडा-१६ को राम मन्दिरबाट जन्ती प्रस्थान गरी १६ नम्बरकै खमारेको कुवा पुगेर विधिपूर्वक पञ्चेबाजा सहित भ्यागुताको विवाह गरिएको थियो ।

# बागमतीका सभामुखले बोलाए सर्वदलीय बैठक

साझाकुरा संवाददाता

हेटौंडा, १७ वैशाख/ बागमती प्रदेशका सभामुख भुवनकुमार पाठकले सर्वदलीय बैठक बोलाएका छन् । २१ वैशाख शुक्रबार प्रदेशसभा सचिवालयमा सर्वदलीय बैठक आह्वान गरिएको प्रदेशसभा सचिवालयले जानकारी दिएको छ ।

बैठकमा संसदीय समितिको सभापतिको निर्वाचन, बजेट अधिवेशनलगायत विषयमा छलफल हुने सचिवालयले जनाएको छ । प्रदेशसभाको दोस्रो कार्यकाल सुरु भएको लामो समय बितिसक्दा पनि संसदीय समितिहरु ज्येष्ठ सदस्यकै भरमा चलिरहेका छन् ।

सत्तासमीकरणमा भइरहने फेरबदल र दलहरुबीच भागबण्डामा सहमति जुट्न नसक्दा मिनि संसद्को रुपमा रहेका संसदीय समितिहरु नेतृत्वविहिन बन्न पुगेका छन् । यसअघि पनि पटक-पटक सर्वदलीय बैठक बसेर समितिको सभापति चयन गर्ने विषयमा सहमति जुटाउने प्रयास असफल हुँदै आएको छ । सरकारले बजेट अधिवेशन बोलाउने तयारी पनि गरिरहेको छ ।

# थाहाका सहकारीमा पालिकाको अनुगमन

साझाकुरा संवाददाता

हेटौंडा, १७ वैशाख/ थाहा नगरपालिकाले पालिका मातहतका सहकारी संस्थाको अनुगमन थालेको छ ।

नगरपालिका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीको संयोजकत्वमा १६ वैशाखमा थाहानगरका सहकारी संस्थाको अनुगमन गरिएको हो ।

सहकारी संस्था सहकारी ऐन नियम तथा विनियम विपरीत सञ्चालन भए नभएको अवस्थाबारे जानकारी लिन नगरपालिकाले अनुगमन थालेको बताइएको छ । नगरभित्र रहेका सबै सहकारी अनुगमन थालिएको थाहानगर सहकारी शाखाप्रमुख अस्मिता तिवारी घिमिरेले जानकारी दिइन् ।

अनुगमनका क्रममा सहकारी सञ्चालक समिति निर्वाचित हुने प्रक्रिया, ऋण लगानी, ब्याज, प्रवेश शुल्क, सेवा शुल्कलगायतको विषयमा निगरानी गरिएको छ । सहकारीले लगानी गरेको ऋणको जोखिम, सहकारीको सुशासन पनि अनुगमनमा मूल्यांकन गरिने अनुगमन संयोजक तथा थाहानगर प्रमुख प्रशासकीय अधिकृत गिरीले जानकारी दिए ।


## शिक्षक आवश्यकता

सूचना प्रकाशित मिति : २०८१/०१/१८

प्रस्तुत विषयमा राक्सिराङ्ग गाउँपालिकाको प.सं. २०८०/०८१ च.नं. २०११ मिति २०८१/०१/१६ गतेको प्राप्त पत्रनुसार यस विद्यालयको वि.व्य.स.को मिति २०८१/०१/१७ गतेको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको तपशिल अनुसारको पदहरुमा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रित पूर्वक दरखास्त आह्वान गरिएको छ ।

**विज्ञापन नं. :** ०१/२०८०/०८१
**तह :** नि.मा.वि.- १ (गणित) संघीय अनुदान/करार
**शैक्षिक योग्यता :** मान्यता प्राप्त शैक्षिक संस्थाबाट शिक्षाशास्त्र संकायमा मुल विषय गणित विषय लिई +२ वा सो सरह उत्तीर्ण
**दरखास्त दस्तुर :** २,०००।-

**विज्ञापन नं. :** ०२/२०८०/०८१
**तह :** प्रा.वि. तृतीय श्रेणी (करार) - १
**शैक्षिक योग्यता :** मान्यता प्राप्त शैक्षिक संस्थाबाट शिक्षाशास्त्र संकाय लिई +२ वा सो सरह उत्तीर्ण गरेको ।
**दरखास्त दस्तुर :** १,५००।-

**सबै पदहरूको लागि**
**दरखास्त दिने अन्तिम मिति :** २०८१/०२/०१ गते विद्यालय समयसम्म ।
**उमेर :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
**परीक्षाको किसिम :** लिखित तथा अन्तर्वार्ता
**तलब सुविधा :** नेपाल सरकारको प्रचलित नियम अनुसार हुने ।
**सम्पर्क मिति :** २०८१/०२/०२ गते विद्यालय समयसम्ममा ।
**परीक्षा मिति :** सम्पर्क मितिमा जानकारी गराइनेछ ।

**आवश्यक कागजातहरू**
१. शैक्षिक योग्यताको प्रतिलिपिहरु - २/२ थान
२. नागरिकताको प्रमाण पत्रको प्रतिलिपि - २/२ थान
३. स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि - २/२ थान
४. तालिम तथा अनुभव भएमा प्रमाण पत्र - २/२ थान
५. हस्तलिखित निवेदन - १ प्रति

**नोट:**
१. दरखास्त दिँदा स्वयम् निवेदक उपस्थित हुनुपर्नेछ ।
२. शिक्षक सेवा आयोगबाट करार शिक्षक नियुक्तिको लागि योग्यता क्रम सूचीमा नाम प्रकाशित भएका व्यक्तिहरुको दरखास्त परेमा निजलाई नै नियुक्ति गरिनेछ ।
३. योग्यता क्रम सूचीका व्यक्तिहरुका दरखास्त नपरेमा मात्र अन्य उम्मेदवारबाट शिक्षक छनोट गरिनेछ ।
४. आधारभूत तह भएता पनि माथिल्लो कक्षामा विज्ञापन नं. १ (गणित), विज्ञापन नं. २ (अंग्रेजी) विषय शिक्षण गर्न सक्ने उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।

**श्री आधारभूत विद्यालय**
राक्सिराङ्ग गा.पा.-७, जुरेथुम, मकवानपुर
**सम्पर्क नं.:** ९८४५१४८५६२ (प्र.अ.), ९८४४२४८३०५ (वि.व्य.स. अध्यक्ष)



हेटौंडामै उत्पादित

## सुदिन ड्राइमिट





**Ready To Eat**

**हाम्रा विशेषताहरू:**
- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना